अन्नपूर्ण गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ संख्या : २५ मिति : २०८०।०८।२८

**भाग-२**

**अन्नपूर्ण गाउँपालिका**

**बालमैत्री स्थानीय शासन तथा बाल अधिकार संरक्षण कार्यविधि, २०८०**

## बालमैत्री स्थानीय शासन तथा बाल अधिकार संरक्षण कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मिति : २०८०।०८।२७

**प्रस्तावना :** बाल अधिकार सम्बन्धी समग्र पक्ष (बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता) को प्रवर्द्धन गर्न स्थानीय तहमा सुशासन अभिवृद्धि गरी बालबालिकाको सम्मान, प्रवर्द्धन संवर्द्धन गर्दै बालमैत्री स्थानीय तह निर्माण गरी बालबालिकाको सर्वोत्तम हित कायम गर्नका लागि बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९८९, नेपालको संविधान, बालबालिका सम्बन्धी ऐन २०७५, स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले निर्दिष्ट गरेका बाल अधिकारका सवालहरुलाई कार्यान्वयन गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि निर्माण गरी अन्नपूर्ण गाउँकार्यपालिकाको मिति २०८०।०८।२७ गतेको निर्णयबाट स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद— १

## प्रारम्भिकः

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम **"बालमैत्री स्थानीय शासन तथा बाल अधिकार संरक्षण कार्यविधि, २०८०"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागुहुनेछ ।

२. **परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) “संविधान” भन्नाले नेपालको संविधान, २०७२ लाई सम्झनुपर्छ ।

ख) “ऐन” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ ।

ग) “कार्यविधि” भन्नाले अन्नपूर्ण गाउँपालिकाद्वारा जारी गरिएको बालमैत्री स्थानीय शासन तथा बालअधिकार संरक्षण कार्यविधि, २०८० सम्झनु पर्छ ।

घ) “बालबालिका” भन्नाले १८ वर्ष उमेर ननाघेका व्यक्तीलाई सम्झनुपर्दछ ।

ङ) “सम्पर्क व्यक्ति (Focal Person)” भन्नाले गाउँपालिकाले बालबालिकाको क्षेत्रमा काम गर्न तोकेको व्यक्तिलाई सम्झनु पर्दैछ ।

च) “स्थानीय बालअधिकार संरक्षण समिति” भन्नाले बालबालिकाको आधारभूत अधिकारहरूको संरक्षण तथा सम्बद्र्घन गर्नका लागि गठन गरिएका गाउँपालिका स्तरीय समितिहरूलाई सम्झनु पर्दछ ।

छ) “वडा बालअधिकार समिति” भन्नाले बालबालिकाको अधिकारहरूको संरक्षण तथा सम्बद्र्घन गर्नका लागि गठन गरिएका वडास्तरीय समितिलाई सम्झनु पर्दछ ।

ज) “बालमैत्री स्थानीय शासन भन्नाले” बालअधिकारका चार आयामहरूलाई स्थानीय तहका नीति, संरचना, पद्धति र कार्यप्रक्रियामा मूल प्रवाहीकरण गर्ने भन्ने बुझ्नुपर्दछ ।

झ) “बालमैत्री स्थानीय शासन” भन्नाले बाल बचाउ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागिता जस्ता बाल अधिकारका सवाललाई स्थानीय तहको नीति, योजना, संरचना, प्रणाली र कार्य प्रक्रियामा संस्थागत गर्ने शासकीय पद्धतिलाई सम्झनुपर्दछ ।

ञ) “बालमैत्री स्थानीय शासन समिति” भन्नाले यस बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि (२०८०) बमोजिम गठन भएका समितिलाई सम्झनु पर्छ ।

ट) “बाल क्लब” भन्नाले विद्यालय तथा समुदायस्तरमा बालबालिकाको सहभागितामा गठन भइ अन्नपूर्ण गाउँपालिकाको कार्यालयमा अभिलेखीकरण भएर सक्रिय रुपमा सञ्चालनमा रहेका बाल क्लबहरूलाई सम्झनु पर्दछ ।

ठ) "संरक्षक तथा संरक्षक शिक्षक" भन्नाले बाल क्लबलाई नियमित रुपमा सञ्चालन तथा व्यवस्थापन गर्ने समुदायको हकमा संरक्षक र विद्यालयको हकमा संरक्षक शिक्षक भन्ने बुझ्नु पर्दछ ।

ड) "बाल क्लब सञ्जाल" सवै वडाको प्रतिनिधित्व हुने गरी गाउँपालिकास्तरमा गठन भएको बालक्लवहरुको सञ्जाल र वडास्तरको सञ्जाललाई सम्झनु पर्दछ ।

ढ) "गैरसरकारी संस्था" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएका र स्थानीय तहसँग समन्वय गरी कार्यसञ्चालन गर्ने गैरनाफामूलक सामाजिक संस्था सम्झनुपर्छ ।

ण) "बाल कोष" भन्नाले बालअधिकारको संरक्षण र सम्वद्र्धन गर्नका लागि गाउँपालिकाको कार्यालयमा स्थापना गरिएको बाल कोषलाई सम्झनु पर्दछ ।

त) "बालभेला" गाउँपालिका वा वडाको योजना तर्जुमा प्रक्रियाका विभिन्न चरणहरुमा बाल क्लबका प्रतिनिधिहरूको भेलालाई सम्झनु पर्दछ ।

थ) "गाउँपालिका" भन्नाले अन्नपूर्ण गाउँपालिका सम्झनु पर्छ ।

द) "अध्यक्ष" भन्नाले अन्नपूर्ण गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

ध) "उपाध्यक्ष" भन्नाले अन्नपूर्ण गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

न) "वडा" भन्नाले अन्नपूर्ण गाउँपालिकाका सवै वडा सम्झनु पर्छ ।

ऩ) "वडाध्यक्ष" भन्नाले अन्नपूर्ण गाउँपालिकाको वडा अध्यक्षलाई सम्झनु पर्छ ।

प) "सभा" भन्नाले अन्नपूर्ण गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्छ ।

फ) "कार्यपालिका" भन्नाले अन्नपूर्ण गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

## ३. कार्यविधि निर्माण गर्ने आधारहरु

बालबालिका विरुद्ध हुने सबै प्रकारका हानी वा जोखिमहरूबाट उनीहरूलाई संरक्षण गर्नु बालसंरक्षण हो । अर्को शब्दमा, बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक तथा बौद्धिक विकासमा गम्भीर नकारात्मक असर पर्ने खालका कुनै पनि कार्य वा व्यवहारबाट उनीहरूलाई जोगाउनु नै बालसंरक्षण हो । बालबालिका विरुद्ध हुने भेदभाव, दुर्व्यवहार, हिंसा (शारीरिक, मानसिक), शोषण (शारीरिक, यौन, श्रम) बेवास्ता र उपेक्षा वा हेलचेत्र्याइँ, अपहरण तथा अन्य हानिकारक अभ्यासहरूले बालबालिकामा तत्कालीन र दीर्घकालीन हानि पुग्दछ जसले गर्दा समृद्ध स्थानीय तह निर्माण गर्न वाधा पुग्दछ । यिनै भेदभावजन्य कार्यहरुलाई सम्बोधन गर्न सयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धि १९८९, नेपालको संविधान २०७२, बालबालिका सम्बन्धि ऐन २०७५ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को गाउँपालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत बाल संरक्षणका

सवालहरुलाई सम्बोधन गर्ने उल्लेख भएको हुँदा सोमा उल्लेखित अधिकार प्रयोग गर्दै बालमैत्री स्थानीय शासन र बाल अधिकार संरक्षण कार्यविधि निर्माण गरिएको छ ।

## ४. उद्देश्य

अन्नपूर्ण गाउँपालिकालाई बाल संरक्षणसँग सम्बन्धित विषयको पहिचान, योजना तर्जुमा, कार्यान्वयन र प्रभावकारी अनुगमनमा सहयोगी बनाउन र बालसंरक्षण प्रणालीमा अन्नपूर्ण गाउँपालिका र सबै सरोकारवालाहरुको न्यूनतम समझदारी तथा बुझाइमा एकरूपता आउने विश्वास लिई यो कार्यविधि तयार गरिएको छ । यसका मुख्य उद्देश्यहरु देहाय वमोजिम रहेका छन् :

क) सबै समुदायका बालबालिकाको अधिकारको संरक्षण तथा सम्वर्द्धन गर्ने,
ख) गाउँपालिकाले बाल संरक्षणका लागि उपयुक्त संयन्त्र निर्माण तथा कार्यक्रमहरूको तर्जुमा गर्न सहयोग पुऱ्याउने,
ग) वडातह बाट हुने बालसंरक्षण सम्बन्धी सेवा प्रवाहमा न्यूनतम समरूपता कायम गर्न योगदान दिने,
घ) बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्दै विद्यालयहरुमा भयरहित सिकाइ विधिलाई प्रवद्र्धन गर्ने,
ङ) बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार , हानी र जोखिम न्यूनीकरण गर्ने,
च) बालबालिकाको अभिलेख (घटना व्यवस्थापन, सूचना, तथ्याङ्क आदि) व्यवस्थापन गर्ने,
छ) बालअधिकार संरक्षण र सम्वद्र्धनका लागि सरकारी, गैरसरकारी र अन्य सरोकारवालाहरूबीच समन्वय, सहकार्य र साझेदारी स्थापना गर्ने,
ज) बाल विवाह र बालश्रमलाई अन्त्य गर्ने अभियानमा सघाउ पुऱ्याउने ।

## परिच्छेद— २

## बालमैत्री स्थानीय शासन समिति गठन, बालबालिका शाखा स्थापना

### ५.१. बालमैत्री स्थानीय शासन समिति गठन, काम कर्तव्य र अधिकार :

बाल बचाउ, वाल संरक्षण, वाल विकास र वाल सहभागिताको विषयमा स्थानीय तहको नीति, संरचना, पद्धति र कार्यप्रक्रियामा मूल प्रवाहीकरण गर्नका लागि यस बालमैत्री स्थानीय शासन तथा बाल अधिकार संरक्षण कार्यविधि, २०८० का आधारमा एक बालमैत्री स्थानीय शासन समिति गठन हुनेछ । जसमा निम्नानुसारका सदस्यहरू रहनेछन् :

(१) गाउँपालिका अध्यक्ष : संयोजक

(२) गाउँपालिका उपाध्यक्ष : सदस्य

(३) प्रमुख प्रशासकिय अधिकृत : सदस्य

(४) गाउँपालिकाले मनोनयन गरेका कार्यपालिका सदस्यहरु दुई जना : सदस्य

(५) सामाजिक विकास समितिको संयोजक : सदस्य

(६) गाउँपालिकाका स्वास्थ्य, शिक्षा तथा सामाजिक शाखा प्रमुखहरु : सदस्य

(७) गैसस प्रतिनिधि (महिला र बालबालिकाको क्षेत्रमा कार्यरत ) एक जना : सदस्य

(८) स्थानीय विद्यालय व्यवस्थापन समिति र स्वास्थ्य व्यवस्थापन समिति मध्येबाट गाउँपालिकाले मनोनयन गरेको प्रतिनिधि (दुई जना) : सदस्य

(९) गाउँपालिकामा कार्यरत महिला शिक्षक र महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट गाउँपालिकाले मनोनयन गरेको प्रतिनिधि (२ जना) : सदस्य

(१०) गाउँपालिकास्तरीय बाल सञ्जालका प्रतिनिधि २ जना (कम्तीमा १ जना बालिका समेत) : सदस्य

(११) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख : सदस्य—सचिव

गाउँपालिकाका अध्यक्ष यस समितिको संरक्षक रहने छन । समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञ तथा संस्थाका प्रतिनिधिहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ । सदस्यहरुले पाउने वैठक भत्ता गाउँपालिकाले निर्धारण गरे वमोजिम हुनेछ ।

**५.२ बालमैत्री स्थानीय शासन समितिको काम कर्तव्य र अधिकार :**

(१) बालमैत्री स्थानीय शासन सम्बन्धी नीति, निर्देशिका, कार्यविधि तयार गर्ने र यस पद्धतिको प्रवर्द्धन गर्न गाउँपालिकालाई नीतिगत पृष्ठपोषण गर्ने ।

(२) बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन गर्न गाउँपालिकास्तरबाट समन्वयकारी भूमिका निर्वाह गर्ने ।

(३) बालवालिकाको क्षेत्रमा कार्यरत राष्ट्रिय एवं अन्तर्राष्ट्रिय सरकारी एवम् गैर सरकारी संघसंस्था तथा तहबीच आवश्यक समन्वय गर्ने गराउने ।

(४) बालमैत्री स्थानीय तह घोषणा गर्न थप सुचकहरु निर्धारण गर्ने र बालमैत्री वडा घोषणा गर्नका लागि वडा समितिलाई सहयोग गर्ने ।

(५) बालमैत्री कार्यक्रम कार्यान्वयनका लागि योजना तर्जुमा प्रक्रियामा बालबालिकाका सवालहरुलाई उठान गर्न पहल गर्ने,

(६) बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यको अनुगमन र मूल्याङ्कन र समिक्षा गर्ने, गराउने ।

(७) बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यपालिकाले गरेका निर्णयहरूलाई कार्यान्वयन गर्ने ।

(८) बालमैत्री स्थानीय शासन वडा समितिसँग समन्वय गरी सूचकहरूको आधारमा योजना तर्जुमा गरी कार्यान्वयनमा सहजीकरण र अनुगमन गर्ने ।

(९) गाउँपालिकामा विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका साथै सबै बालकालिकाको तथ्याङ्क संकलन गर्ने, अद्यावधिक गर्ने र गाउँपालिकामा पेश गर्ने ।

(१०) गाउँपालिकामा बालबालिकाको क्षेत्रमा कार्यरत सरकारी कार्यालय विभिन्न गैसस, बाल क्लब, वडा बाल अधिकार समिति, निगरानी समिति, मेलमिलाप केन्द्रहरुको अभिलेख तयार गर्दै समन्वय, सहकार्य र साझेदारी गरी बाल अधिकारको सम्बद्र्धनात्मक र संरक्षणात्मक कार्यहरू गर्ने गराउने ।

(११) बालबालिकाको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान गरी संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारका विभिन्न निकायहरू र विकासका साझेदार संस्थासँगको समन्वयमा समुदायमा आधारित कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गराउन आवश्यक समन्वय गर्ने, बालबालिकासँग सम्बन्धित योजना तर्जुमा, कार्यक्रमको रेखदेख, अनुगमन, मूल्याङ्कन र निरीक्षण गर्ने ।

(१२) बाल अधिकारको संरक्षण र सम्बद्र्धनका निमित्त विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने ।

(१३) गाउँपालिकामा भएका सवै संघसंस्थालाई बालबालिकाको क्षेत्रमा कार्य गर्न उत्प्रेरणा, समन्वय र साझेदारी गर्ने । कार्यक्रम सञ्चालन गर्नको लागि आवश्यक परामर्श, सुझाव तथा निर्देशन दिने ।

(१४) बाल अधिकार हनन्का सम्बन्धमा आएका उजुरीहरूलाई सम्बन्धित निकायमा सिफारिस गरी पठाउने एवम् समन्वयकारी भूमिका निर्वाह गर्ने ।

(१५) बालबालिकाको निमित्त आकस्मिक सहयोगका लागि कोषको स्थापना गरी प्रभावकारी कार्यान्वयन गर्ने । कोषमा गाउँपालिकामा कार्यरत सवै सरोकारवालाहरुलाई सहयोगका लागि अनुरोध गर्ने ।

(१६) शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रको वार्षिक योजनामा समेत बालसंरक्षण सम्बन्धी भूमिका ( विशेष गरी हिंसा, दुव्र्यवहार, आदिको बारेमा सूचना प्रवाह तथा उजुरी) समावेश गर्न सहजीकरण गर्ने ।

(१७) बाल अधिकार सम्बन्धी दिवश तथा समारोह विभिन्न निकायहरूसँगको समन्वय तथा सहकार्यमा मनाउने ।

(१८) वडा बाल अधिकार समितिहरू, बाल क्लब सञ्जालहरू, सरोकारवालाहरू र गाउँपालिकाबीच समन्वय, सहकार्य र सम्पर्क गर्ने ।

(१९) गाउँपालिकामा बालबालिका सम्बन्धी सम्पन्न कार्यक्रम कार्यान्वयनको अनुगमन र प्रगति विवरण तयार गरी गाउँपालिकामा पेश गर्ने ।

**५.३. गाउँपालिकामा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाको स्थापना र जिम्मेवारी :**

गाउँपालिकामा महिला तथा बालबालिकाको छुटै शाखा रहने छ । सो शाखामा आवश्यकता अनुसार कर्मचारी व्यवस्थापन गर्ने गरिने छ । शाखाका मुख्य जिम्मेवारी देहाय बमोजिम हुनेछन् :

(१) महिला तथा बालबालिका सम्बन्धी नीति तथा कार्यक्रमलाई बालमैत्री बनाउने र यस्ता कार्यक्रमहरुमा बाल सहभागिता सुनिश्चित गर्न सहयोग गर्ने ।

(३) बालमैत्री स्थानीय शासन सम्बन्धी सूचक पूरा गर्न बालमैत्री योजना तर्जुमा र कार्यान्वयन गर्न सधै क्रियाशील हुने ।

(३) बालमैत्री स्थानीय शासन सम्बन्धी भएका क्रियाकलाप तथा प्रगति विवरणको सूचना अद्यावधिक र सम्प्रेषण गर्ने ।

(४) गाउँपालिकाबाट हुने सेवा प्रवाह पद्धतिलाई बालमैत्री बनाउने ।

(५) बालक्लवहरुलाई सूचीकृत गर्ने ।

(६) गाउँपालिका तथा वडाका कार्यक्रमहरुमा बाल सहभागिता सुनिश्चित गर्ने ।

(७) बालमैत्री स्थानीय शासनका सूचकहरुको अवस्था विश्लेषण, अनुगमन र प्रमाणीकरण गर्ने ।

(८) बालबालिकाको तथ्याङ्क र सूचनाको अध्यावधिक गर्ने तथा बालबालिका, गाउँपालिका र सरोकारवालाहरूबीच सम्बन्ध र समन्वय विस्तार गर्ने ।

(९) बाल अधिकार समिति तथा बालमैत्री स्थानीय शासन समितिका सदस्यहरुसँग बाल संरक्षण अधिकारी, संरक्षक शिक्षक, बाल क्लब, बाल सञ्जालहरूबीच समन्वयकारी भूमिका खेल्ने ।

(१०) बालअधिकारमा आधारित सहभागितामूलक विधिबाट बालबालिकासँग सम्बन्धित योजना तर्जुमा, कार्यान्वयन र क्रियाकलापहरूमा सहजीकरण गर्ने ।

(११) योजना तर्जुमा प्रक्रियामा बालभेला गर्न सहयोग गर्ने र वडामा बालमैत्री अभियान सञ्चालन गर्न सहयोग गर्ने ।

**६. बालमैत्री स्थानीय शासन वडास्तरीय समितिको गठन र काम, कर्तव्य र अधिकार** :

बालसंरक्षणमा पर्याप्त ध्यान सुनिश्चित गर्नको लागि स्थानीय सरकार सञ्चालन ऐनको दफा १४ बमोजिम अन्नपूर्ण गाउँपालिकाले वडास्तरीय बालमैत्री स्थानीय शासन गाउँपालिका समिति र बालमैत्री स्थानीय शासन वडा समिति गठन गरी अधिकार समेत प्रत्यायोजन गरिने छ :

६.१. वडा बाल अधिकार समितिको गठन, काम, कर्तव्य र अधिकार : वडामा तपसिल बमोजिमको बालमैत्री स्थानीय शासन वडा समिति गठन हुनेछ :

(क) वडा अध्यक्ष : संयोजक

(ख) वडाका निर्वाचित सदस्यहरू : सदस्य

(ग) शिक्षकहरूमध्येबाट कम्तिमा एक जना : सदस्य

(घ) महिला स्वास्थ्य स्वयंसेविकाहरूमध्येबाट एक जना :सदस्य

(ङ) वडामा बालअधिकारको क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरूमध्येबाट एक जनाः सदस्य

(च) विद्यालय व्यवस्थापन समितिबाट एक जना : सदस्य

(छ) वडा बाल क्लब सञ्जालबाट कम्तीमा एक बालिका सहित दुई जना : सदस्य

(ज) आदिवासी, जनजाति, अल्पसंख्यक, दलित तथा पिछडिएका वर्गसमुदायको प्रतिनिधित्व हुनेगरी कम्तीमा एक महिलासहित दुई जना : सदस्य

(झ) विद्यालय व्यवस्थापन समिति सदस्यहरुमध्येबाट एक जना : सदस्य

(ञ) सुरक्षा निकायका प्रतिनिधि एक जना : सदस्य

(ट) आमा समूह, महिला समूह र स्थानीय क्लबका प्रतिनिधि एक जना : सदस्य

(ट) स्थानीय स्वास्थ्य संस्था प्रमुख वा प्रतिनिधि एक जना ::: सदस्य

(ठ) वडा सचिवः सदस्य सचिव

(२) बालमैत्री स्थानीय शासन वडा समितिको काम, कर्तव्य र अधिकार तपसिल बमोजिम हुनेछ :

(क) बालमैत्री स्थानीय शासन गाउँपालिका स्तरीय समितिले गरेका नीति, कार्यक्रमलाई कार्यान्वयन गर्ने ।

ख) वडामा बाल अधिकारको अवस्थाको सर्वेक्षण गरी बाल प्रोफाइल तयार गर्नुका साथै वार्षिक रुपमा स्थितिपत्र तयार गरी सार्वजनिक गर्ने, गाउँपालिकास्तरीय बालमैत्री स्थानीय शासन समितिको सिफारिसमा वडालाई बालमैत्री घोषणा गर्ने अभियान सञ्चालन गर्ने ।

(ग)) वडामा बालविवाह, दाइजो लेनदेन, बालश्रम शोषण, बहुविवाह, लैङ्गिक हिंसा, जातीय छुवाछुत, मानव बेचविखन, हानिकारक अभ्यासहरू अन्त्य गर्ने क्रियाकलाप सञ्चालन गर्ने ।

(घ) सम्बन्धित वडामा विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका तथा सबै बालकालिकाको तथ्याङ्क संकलन गर्ने, अद्यावधिक गर्ने र गाउँपालिकामा पेश गर्ने ।

(ङ) वडामा बालबालिकाको क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी संघ संस्था, बाल क्लबहरूसँग आवश्यक समन्वय, सहकार्य र साझेदारी गरी बाल अधिकारको संबद्र्धनात्मक र संरक्षणात्मक कार्यहरू गर्ने गराउने ।

(च) बाल अधिकार हननका सम्बन्धमा आएका उजुरीहरूलाई सम्बन्धित निकायमा सिफारिश गरी पठाउने एवम् समन्वयकारी भूमिका निर्वाह गर्ने

(छ) गाउँपालिकालाई बालअधिकार प्रवद्र्धनमा प्रभावकारी योजना निर्माणमा मद्दत गर्ने ।

(ज) बाल क्लब, वडा बाल क्लब सञ्जाल, सरोकारवालाहरू र गाउँपालिकाबीच समन्वय र सम्पर्क गर्ने।

(झ) बालबालिका सम्बन्धी कार्यक्रम कार्यान्वयनको प्रगति गाउँपालिकामा पेश गर्ने ।

(ञ) विद्यालयस्तरमा बालसंरक्षण समितिहरू गठन गर्ने तथा नियमन, अनुगमन गर्ने ।

(ट) अशक्त,असहाय तथा अनाथको पालन पोषणको लागि सिफारिस गर्ने । तत्काल बालबालिकालाई सहयोग गर्नुपर्ने अवस्थामा आएमा गाउँपालिकामा सिफारिस साथ सहयोगका लागि पठाउने ।

वडा बाल अधिकार समितिको वैठक आवश्यकता अनुसार वस्नेछ । वैठक खर्च कार्यपालिकाले निर्धारण गरे वमोजिम हुनेछ । समितिको पदावधि वडा अध्यक्षको कार्यकालसम्म रहनेछ ।

**७. बालक्लव तथा बाल सञ्जाल सञ्जालको गठन तथा काम, कर्तव्य र अधिकार :** नेपालको संविधानको मौलिकहकमा उल्लेख भएको बालबालिकाको सहभागिताको अधिकार तथा नागरिकहरूको संगठन स्वतन्त्रता र शान्तिपूर्ण भेला हुन पाउने अधिकारको व्यवहारिक कार्यान्वयनमा सहयोग पुऱ्याउने, नेपाल सरकारले कार्यान्वयनमा ल्याएको बालमैत्री स्थानीय शासन रणनीति अन्र्तगत बाल क्लव गठन गरी व्यवस्थित र प्रभावकारी ढंगले लागु गर्न गराउन सहयोग पुग्ने अभिप्रायले गाउँपालिकामा सुचिकृत भएका बालक्लवहरुमा १८ वर्ष भन्दा कम उमेरका बालबालिकाहरु समेटी बालक्लव गठन गरिनेछ । सवै वडाका बालक्लवको प्रतिनिधित्व हुने गरी गाउँपालिकास्तरीय बाल सञ्जाल समेत गठन गरी कार्यान्वयनमा ल्याइनेछ । बालबालिकाको सगंठन स्वतन्त्रताको अधिकारलाई व्यवस्थित र प्रभावकारी कार्यावयन गर्ने तथा बाल बालक्लवहरुको गठन, सञ्चालन तथा सहभागितालाई अर्थपुर्ण, नैतिक, सुरक्षित र पारदर्शी तथा समावेशी बनाउदै बालमैत्री स्थानीय शासनको प्रभावकारी कार्यान्वयनमा टेवा पु¥याउन र स्थानीय विकासका हरेक प्रक्रियामा सार्थक वाल प्रतिनिधित्व मार्फत बालमैत्री पुर्वाधार विकासमा टेवा पुऱ्याउने, मुख्य ध्येयका साथ बाल सञ्जाल गठन गरिनेछ ।

**७.१ विद्यालयस्तरीय बाल क्लव :** विद्यालयको सेवा क्षेत्र भित्र रहेका बालबालिकालाई समेटेर उक्त विद्यालयभित्र बालअधिकार अनगुमन तथा प्रवद्र्धन गर्न गठन भएका बाल समुहहरु विद्यालयमा आधारित बाल कल्बहरू हुन् । विद्यालयमा आधारित बाल क्लबहरूले सबै जातजाति, पाँच कक्षाभन्दा माथिका कक्षा, लिगं र शारीरिक हैसियतका बालबालिकाको उचित प्रतिनिधित्व र सहभागिता सुनिश्चित गर्नुपर्दछ । यसरी बन्ने बाल क्लबहरुमा सदस्य बन्नका लागि सम्बन्धित बालबालिका उक्त विद्यालयको सेवा क्षेत्रको हुनुपर्ने र १८ वर्ष भन्दा कम उमेर भएको हुनुपर्दछ ।

**७.१.१ वैठक व्यवस्थापनः**

(क) पाँच कक्षाभन्दा माथि पढाइ हुने प्रत्येक विद्यालयमा एक बाल क्लब रहने छ । सबै विद्यार्थीहरू यसका साधारण सदस्य हुनेछन् ।

(ख) बालबालिकाको भेलाबाट बाल क्लबमा बढिमा १५ सदस्यीय कार्यसमितिको चयन हुनेछ ।

(ग) कार्यसमितिमा ४० प्रतिशत बालिकाहरु अनिवार्य रहने छन ।

(घ) अपाङता भएका बालबालिकाहरु समेतको प्रतिनिधित्व हुनुपर्नेछ ।

(ङ) बाल क्लबको गठन तथा पुनर्गठन प्रत्येक वर्षको विद्यार्थी भर्ना अभियानपछि एक महिनाभित्रमा गरिने छ ।

(च) संरक्षक र प्रधान संरक्षक शिक्षक तोकी विद्यालयको सिफारिस र सम्वन्धित वडाको सिफारिस समेतको आधारमा गाउँपालिकामा सूचीकृत गरिनेछ ।

(छ) बाल क्लबको विधान प्रमुख प्रशासकिय अधिकृतवाट प्रमाणित गरी बाल क्लबहरूलाई उपलव्ध गराउनुपर्नेछ ।

(ज) बाल क्लबले बालबालिकाको अधिकारका वकालतका अतिरिक्त शारीरिक, मानसिक, जीवन उपयोगी सीप, सामाजिक विकास, वातावरण, जोखिम न्यूनीकरण, सिर्जनात्मक तथा रचनात्मक क्रियाकलापहरूको आयोजना समन्वय, सञ्चालन र सहभागिता गर्ने छन् ।

(झ) सबै सहभागीहरूलाई पायक पर्ने स्थानमा र समयमा कम्तिमा त्रैमासिक रुपमा वैठक सञ्चालन हुनेछ ।

(ञ) बैठकमा संरक्षकको उपस्थिति अनिवार्य हुनुपर्नेछ ।

(ट) वैठक आवश्यकता अनुसार बस्न सकिनेछ ।

(ठ) वैठकको निर्णय पुस्तिका विद्यालयमा राखिने छ ।

(ड) वैठकमा बालबालिकासँग सम्बन्धित बालमैत्री कार्यक्रम लगायत शिक्षा, स्वास्थ्य, खेलकुद, अतिरिक्त क्रियाकलाप, बाल हिंसा तथा दुव्र्यवहार, बाल विवाह तथा दाइजो विरुद्धका विषयहरुमा बढी केन्द्रित हुनेछ ।

(ढ) बालक्लवको वैठकमा सवै सदस्यहरुलाई समान व्यवहार गनुपर्दछ ।

(ण) बाल समुहको बैठकको आयोजना विद्यालयमा पढाइ नभएको समयमा र दिनको समयमा सबै सहभागीहरूका लागि पहुँचका दृिष्टकोणले उपयुक्त स्थानमा मात्र सञ्चालन गर्नु पर्नेछ ।

**७.२ बाल क्लब सञ्जालहरूको गठन :** गाउँपालिका, वडा समिति तथा बालबालिकाको क्षेत्रमा कार्य गर्ने अन्य संस्था तथा कार्यालयबाट बाल अधिकारलाई प्रवद्र्धन गर्नका लागि योजना तर्जुमा वैठकदेखि अनुगमन, मूल्यांकन तथा बालबालिकाका अन्य सवालहरुमा छलफल तथा निर्णय गर्न समेतका लागि अर्थपुर्ण बाल सहभागिता सुनिश्चित हुनुपर्दछ । सहभागिताका लागि सवै सदस्यहरुलाई आमन्त्रण गर्न असहज हुने हुँदा बालबालिकाको प्रतिनिधित्व गर्न विद्यालयस्तरीय र समुदायस्तरीय बालक्लवहरुबाट

सर्वसम्मत चयन गरी वडास्तरीय बाल सञ्जाल र गाउँपालिकास्तरीय बाल सञ्जाल सहमतिका आधारमा निर्माण गर्नुपर्दछ ।

**७.२.१ बाल सञ्जाल गठन विधि :**

(क) बाल क्लबहरू बीच आपसी समन्वय, सहकार्य बढाउने तथा सवालहरूको सामूहिकीकरण गर्ने र एक आपसबाट सिकाइका अवसर सृजना गर्न बाल क्लब सञ्जाल गठन गर्नुपर्नेछ ।

(ख) बाल क्लब सञ्जाल वडा स्तर तथा गाउँपालिकास्तरका हुनेछन् ।

(ग) बाल क्लब सञ्जाल गठन गर्नका लागि गाउँपालिका र वडा तहमा बाल क्लबहरूका प्रतिनिधिहरूको भेलाको आयोजना गर्नुपर्नेछ ।

(घ) यस्तो भेलामा सञ्जालले समेट्ने क्षेत्रका (समुदाय, विद्यालय तथा विषयगत) बाल क्लबहरूलाई भेलाको मितिभन्दा १५ दिन अगावै सूचना प्रदान गर्नुपर्दछ । सूचनामा भेलाको मिति, समय र स्थान, भेलामा छलफल हुने विषयहरू, भेलामा आमन्त्रण गरिएको प्रत्येक बाल क्लबहरूको प्रतिनिधि संख्या जातजाति, लिंग समेतको जानकारी गराउनु पर्दछ ।

(ङ ) बाल क्लव तथा सञ्जालको नेतृत्व चयनका सन्दर्भमा बालबालिकाबीच अस्वस्थ प्रतिस्पर्धा हुनबाट रोक्न समझदारीमा नेतृत्व चयनलाई प्राथमिकता दिनु पर्नेछ ।

(च) सम क्षमताका प्रतिस्पर्धीहरूलाई सहमति गराई एक आपसलाई स्वीकार्न सक्ने बनाउन पहिला प्रयत्न गर्नु पर्नेछ ।

(छ) एकै बालक वा बालिका दुई वा सो भन्दा बढी बाल समूहको नेतृत्वमा बस्न पाउने छैनन् । तर बाल समुहका नेतृत्वमा रहेको सदस्य सञ्जालको नेतृत्वमा भने रहन सक्नेछ ।

(ज) बालबालिकामाझ हुने प्रतिस्पर्धामा वयस्कहरूको प्रभाव र स्वार्थ तथा चाहना र प्रभावबाट मुक्त राख्नुपर्नेछ

(ञ) आफ्नो बाल क्लबमा छलफल गरी निर्णय गरेको हुनुपर्नेछ । विद्यालयबाट भेलामा सहभागी हुन तथा सञ्जालको नेतृत्वमा प्रतिस्पर्धा गर्न सहमति दिइएको हुनु पर्नेछ । समुदायमा आधारित बाल क्लबको हकमा भेलामा सहभागी हुन तथा नेतृत्वमा प्रतिस्पर्धा गर्न अविभावकको सहमति लिनु पर्दछ । नेतृत्व चयनमा प्रतिस्पर्धा र सहकार्यको सिद्धान्त अवलम्वन गरिनेछ ।

**७.३ बाल क्लब सूचीकृत गर्ने :** (१) यस अन्नपूर्ण गाउँपालिकाभित्र गठन भएका सबै बाल क्लबहरु गाउँपालिकामा सूचीकृत हुनुपर्नेछ । सूचीकरणका लागि अनुसूची २ बमोजिमको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ ।

(२) बाल क्लबलाई सूचीकरण गरेपश्चात् अनुसूची १ को ढाँचामा गाउँपालिकाले आवद्धताको प्रमाणपत्र दिने छ ।

**७.४ स्थानीय तहको योजना तर्जुमामा बाल समुह प्रतिनिधित्वको व्यवस्था :**

(१) स्थानीय तहबाट हुने योजना निर्माण चक्रमा बाल समूहको प्रतिनिधित्व र सहभागिता अनिवार्य गरिनेछ ।

(२) बस्ती तथा वडास्तरमा हुने योजना छलफलमा सहभागी हुन बाल समूहका सदस्य वा प्रतिनिधिहरूलाई निमन्त्रणा गर्न सकिनेछ । भेलामा उनीहरूको सरोकार राख्ने विषयमा धारणा राख्न समय उपलक्ध गराइनेछ ।

(३) वडास्तर वा गाउँपालिकास्तरमा तोकिएको प्रक्रियामा बाल भेलाको आयोजना गरी स्थानीय योजना निर्माणका लागि बालबालिकासँग परामर्श लिईनेछ ।

(४) योजना निर्माण तथा बजेट विनियोजनमा बाल समूहलाई बालबालिकाको निम्ति छुट्याइएको कार्यक्रम तथा बजेटबारे जानकारी गराइनेछ ।

**८ बाल क्लब तथा गाउँस्तरीय बालक् लब सञ्जालका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार :**

**क) अध्यक्षको काम, कर्तव्य र अधिकारः**

(१) बाल क्लब तथा सञ्जालको वैठक र साधारण सभाको अध्यक्षता गर्ने ।

(२) बाल क्लब तथा सञ्जालको बैठक वा साधारण सभामा आवश्यक प्रस्ताव र कागजात पेश गर्ने गराउने

(३) बाल क्लब तथा सञ्जालको आम्दानी, खर्च हिसाब र अन्य कागजात सुरक्षित राख्ने, राख्न लगाउने ।

(४). बाल क्लब तथा सञ्जालको निर्णय र बालमैत्री स्थानीय समिति र गाउँ तथा वडा बाल अधिकार समितिको निर्देशन कार्यान्वयन गर्ने गराउने ।

(५) बाल क्लबको प्रतिनिधि चयन गरी पठाउने वा बाल क्लबको प्रतिनिधित्व गर्ने ।

(६) उपाध्यक्ष र सदस्यहरूलाई विषयगत कार्यभार विभाजन गरी दिने ।

(७) सात दिनभन्दा बढी समयका लागि अनुपस्थित हुने भएमा उपाध्यक्षलाई र उपाध्यक्ष नभएमा आफू मध्येका वरिष्ठ सदस्यलाई कार्यवाहक अध्यक्ष तोक्ने ।

(८) बालबालिकासँग सम्बन्धित कार्यक्रममा आमन्त्रण भए सहभागी हुने ।

(९) बाल अधिकार सम्बन्धी क्रियाकलाप सञ्चालन गर्न गाउँपालिकालाई सहयोग गर्ने ।

**ख) उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

(१) अध्यक्षको अनुपस्थितिमा कार्यबाहक अध्यक्ष भई कार्य गर्ने ।

(२) बाल अधिकार रक्षाका लागि सदैव तत्पर हुने र समितिलाई आवश्यक सुझावहरु दिने ।

(३) तोकिएको अन्य काम गर्ने ।

**ग) सचिवको काम, कर्तव्य र अधिकार :**

(१) अध्यक्षको सल्लाहमा वैठक आयोजना गर्ने, निर्णय पुस्तिका सुरक्षित राख्ने ।

(२). बाल क्लब तथा सञ्जालमा आवद्ध बालबालिकाहरुको अभिलेख राख्ने ।

(३) बाल क्लबको चल, अचल तथा जिन्सी सामाग्रीको लगत राख्ने ।

(४) बाल क्लब तथा सञ्जालको प्रशासकीय कार्य गर्ने ।

(५) प्रतिवेदन तयार गरी वैठक तथा साधारण सभामा पेश गर्ने ।

(६) तोकिएको अन्य कार्य गर्ने ।

**घ) सहसचिवको काम, कर्तव्य र अधिकार :**

(१) सचिवको अनुपस्थितिमा सचिवको कार्यभार सम्हाल्ने ।

(२) बाल अधिकार रक्षाका लागि सदैव तत्पर हुने र समितिलाई आवश्यक सुझावहरु दिने ।

(३) तोकिएको अन्य कार्य गर्ने ।

**ङ) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

(१) क्लब तथा सञ्जालको आय व्ययको हिसाव राख्ने ।

(२) वजेट तयार गरी बाल क्लब तथा सञ्जालकोवैठकमा पेश गर्ने ।

(३) आर्थिक सहयोग जुटाउने ।

(४) आर्थिक प्रतिवेदन तयार गरि वैठकमा पेश गर्ने ।

**च) सदस्यको काम कर्तव्य र अधिकार :**

१. बालमैत्री कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने तथा बैठकमा सहभागी हुने ।

२. वैठकमा निर्णयको लागि आफ्नो विचार पेश गर्ने ।

३. क्लव वा सञ्जालको निर्णय अनुसार तोकिएका कार्य गर्ने ।

४.बाल क्लब तथा सञ्जालको हित हुने अन्य रचनात्मक कार्य गर्ने ।

**९. बालसंरक्षण प्रणालीको लागि गाउँपालिकाले गर्ने प्रमुख कार्यहरू :**

(क) बालसंरक्षणका सवालहरूको पहिचान गरी सम्बन्धित सरोकारवालाहरुलाई कार्यान्वयनका लागि सहयोग गर्ने र समन्वय गर्ने ।

(ख) स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा गाउँपालिकाले बाल संरक्षण कोषको स्थापना गर्ने व्यवस्था गरेको हुँदा बाल संरक्षण सम्बन्धी घटनाहरू तत्काल सम्बोधन गर्न, परिवार तथा बालबालिकालाई तत्काल सहयोग गर्नको लागि स्थानीय आपत्कालीन बालसंरक्षण कोषको स्थापना तथा सञ्चालन गरिनेछ । यसै कोष मार्फत आपत्कालीन सहयोग गरिनेछ ।

(ग) बालसंरक्षण सम्बन्धी सेवा प्रवाह गर्ने सरकारी तथा गैर सरकारी संघसंस्था, विभिन्न कोष, बालगृह लगायत सो क्षेत्रमा कार्य गर्ने अन्य सेवा प्रदायकहरुको पहिचान गरी गाउँपालिकाको बालबालिका शाखामा सुचिकृत गरिनेछ । सेवा प्रदायकहरुबीच सेवाहरूको लागि सिफारिस लिने दिने आधार तथा सम्प्रेषण प्रणाली तत्काल शुरुवात गरिनेछ ।

(घ) बालसंरक्षणको सम्बन्धमा योजना तर्जुमा, लक्षित क्षेत्र तथा समूह निर्धारण, उपलव्धीको समीक्षा जस्ता व्यवस्थापकीय कार्यको लागि विभिन्न विवरण, तथ्याङ्क तथा सूचनाहरूको अभिलेख तयार गरी राखिनेछ ।

(ङ) गाउँपालिकामा संकलन तथा अभिलेखन गरिएका तथ्याङ्कको आधारमा बालबालिका सम्बन्धी स्थानीय तहको वार्षिक स्थिति प्रतिवेदन तयारी, प्रकाशन तथा त्यस्ता तथ्याङ्क तथा प्रतिवेदन संघ तथा प्रदेशका बालसंरक्षण हेर्ने निकायसँग आदानप्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

## परिच्छेद— ३

**१० बालसंरक्षणको सम्बन्धमा गाउँपालिकाको काम, कर्तव्य र अधिकार :** स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार गाउँपालिका क्षेत्रभरी कुनै पनि बालबालिकाको तत्काल संरक्षण गर्नुपर्ने अवस्था आएमा गाउँपालिकाले ती बालबालिकाको संरक्षण गर्नुपर्ने व्यवस्था रहेको छ । बाल संरक्षण सम्बन्धी कार्यहरूको संयोजन, सहजीकरण, सहयोग र अनुगमन गाउँपालिकाबाट हुनु पर्दछ । गाउँपालिकाले बालसंरक्षण प्रणाली व्यवस्थित गर्नका लागि देहायका सूचकहरुमा विशेष ध्यान दिनेछ ।

**१०.१ गाउँपालिकास्तरीय बाल संरक्षणका प्रमुख सूचकहरुः**

(१) गाउँपालिकामा बाल संरक्षण सम्बन्धी कार्यको लागि कार्यविवरण सहित कर्मचारी तोकिएको वा स्थायी कर्मचारीको नियुक्त भएको, कर्मचारी तथा पदाधिकारीबीच बाल संवेदनशिलताबारे छलफल, अभिमुखीकरण, तालिम भएको ।

(२) गाउँपालिकास्तरमा बालसंरक्षणसम्बन्धी घटनाहरूलाई तत्काल सहयोग गर्न सकिने आपत्कालीन बालसंरक्षण कोष उपलब्ध भएको ।

(३) बालसंरक्षणका सवालहरूको रोकथाम, जोखिम न्यूनीकरण तथा प्रतिक्रिया सम्बन्धी कार्यहरू गाउँपालिकाको वार्षिक योजनामा समावेश भएको ।

(४) गाउँपालिकामा बालसंरक्षणका प्रमुख सवालहरूको पहिचान भई अभिलेख तयार भएको ।

(५) बालसंरक्षणको सम्बन्धमा आवश्यक विभित्र विवरण, तथ्याङ्क तथा सूचनाहरू नियमित संकलन तथा सार्वजनिक गरिएको ।

(६) बालसंरक्षणसम्बन्धी कार्यका लागि आवश्यक पर्ने सेवाहरू जस्तै (जस्तै तत्कालका आवश्यकता परिपूर्ति, सुरक्षित आवास, वैकल्पिक स्याहार, मनोविमर्श, उद्दार, पुनस्थापना, परिवार

शिक्षा, कानुनी सहायता तथा उपचार, छात्रवृत्ति, आय आर्जन, आदि) को लागि अन्य सराकारवालाहरुको सहयोग र समन्वयमा गाउँपालिकाबाटै व्यवस्थापन गर्ने सक्षम भएको ।

(७) गाउँ बाल अधिकार समिति र वडा बाल अधिकार समिति सक्रिय र चलायमान भएको ।

(८) गाउँपालिकाको पूर्व स्विकृति र सहमतिविना कुनै पनि निकायले बालबालिका सम्बन्धी कार्य गर्ने नगरेको ।

(९) बाल संरक्षणका समस्याहरुको सम्बोधनका लागि बाल संरक्षणको क्षेत्रमा क्रियाशील संघीय, प्रादेशिक, तथा गाउँपालिकातहमा कार्यरत अन्य निकाय तथा संघसंस्था, संयन्त्रहरुसँग आवश्यकतानुसार समन्वय, परिचालन, सहकार्य गरिएको ।

(१०) सडक बालबालिका, अनाथ, असहाय, अशक्त र मानसिक असन्तुलन भएका व्यक्तिहरूको पुनस्र्थापना केन्द्रको सञ्चालन, व्यवस्थापन, अनगुमन र नियमनका लागि संघ, प्रदेश सरकार र विभिन्न संघसंस्थासँग समन्वय गरी सिफारिस र कार्यान्वयन गर्न सक्षम भएको ।

**१०.२ बालसंरक्षणको सम्बन्धमा वडा समितिको काम कर्तव्य र अधिकार :**

- बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने

- बालमैत्रीका सूचकहरु पूरा गरी वडालाई बालमैत्री वडा घोषणा गर्ने

- वडाभित्र आर्थिक तथा सामाजिक रूपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने

- सडक बालबालिकाको उद्धार र पुनस्र्थापनाको लागि लगत सङ्कलन गर्ने

- संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारिस गर्ने

- अशक्त, असहाय तथा अनाथको पालन पोषणको लागि सिफारिस गर्ने

- विपदका बेलामा बालबालिकालाई चाहिने सवै व्यवस्थाहरु उपलब्ध गराउन पहल गर्ने

- व्यक्तिगत घटनादर्ता प्रणालीलाई व्यवस्थित गर्ने

**१०.३ स्थानीय तहमा बालसंरक्षण सम्बन्धी कार्य सम्पादनका लागि आवश्यक अन्य तत्वहरू :**

(क) राजनैतिक प्रतिवद्धता

(ख) प्रशासनिक संरचना तथा सामुदायिक संयन्त्र

(ग) मानव तथा आर्थिक स्रोत

(घ) विभिन्न क्षेत्रबीच सहकार्य

**११. बालबालिकाको संरक्षण र सम्बद्र्धनका लागि बाल कोषको स्थापना** : आपतकालमा परेका बालबालिकालाई तत्काल उद्धार, राहत र पुनःस्थापना गर्ने काम समेतको लागि गाउँपालिकाको कार्यालयमा आपतकालीन बाल संरक्षण कोष स्थापना गरिने छ ।

**११.१ आपतकालिन कोषको रकम देहायको अवस्थाका बालबालिकाको उद्धार, राहत तथा पुनःस्थापनामा प्रयोग गरिने छ :**

- जोखिमपूर्ण श्रममा संलग्न रहेका तथा हराएको वा वेवारिस अवस्थामा फेला परेका
- ऋणको कारणले बन्धकमा रहेको वा जवरजस्ती श्रम बाट पीडित भएका
- शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दूव्र्यवहारबाट पीडित भएका
- दूर्घटना भएको, प्राकृतिक वा दैवी प्रकोपमा परेका
- बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसूरसँग सम्बन्धित रहेको कारणले वेवारिसे भएका
- यौनशोषण, यौन दूव्र्यवहार, बेचबिखन वा ओसारपसार परेका
- हिंसाबाट प्रभावित भएका तथा बाबुआमा वा संरक्षक बाट वन्चित भएको,
- अपाङ्गता भएका तथा सुस्तमनस्थिति भएका
- अपहरण वा शरीर बन्धकमा परेका
- सडक बालबालिका
- एच.आई.भी. एड्स संक्रमित भएका
- समितिले तोकेको अन्य बालबालिका

**११.२ गाउँपालिकाको कार्यालयमा रहेको बाल कोषमा देहाय वमोजिमको रकमहरु रहनेछ :**

(क) नेपाल सरकार तथा प्रदेश सरकार र गाउँपालिकाबाट प्राप्त रकम

(ख) विदेशी सरकार, अन्तराष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम

(ग) स्वदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

**११.३ बाल कोष सञ्चालन समिति :**

(क) गाउँपालिकाका अध्यक्ष : संयोजक

(ख) गाउँपालिकाको उपाध्यक्ष : सदस्य

(ग) सामाजिक विकास समितिको संयोजजक : सदस्य

(ग) गाउँपालिकाको बालबालिका शाखा प्रमुख :सदस्य

(घ) प्रमुख प्रशासकिय अधिकृत :सदस्य सचिव

समितिको वैठकमा बालबालिका वसोवास गर्ने सम्बन्धित वडा अध्यक्षलाई आमन्त्रितको रुपमा बोलाउन सकिनेछ ।

**११.४ समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ ।**

(क) जोखिम अवस्थामा रहेका बालबालिकाको उद्धार गरि पुर्नस्थापना केन्द्रमा सिफारिस गर्ने

(ख) तत्काल उपचार गर्ने बालबालिकाहरुलाई आवश्यक औषधि उपचार, लत्ताकपडा, खाना तथा आवासको व्यवस्था गर्ने

(ग) जोखिम अवस्थामा भएका बालबालिकाको पहिचान गर्ने

(घ) संरक्षण कोष खर्चको मापदण्ड तयार गर्ने

(ङ) बाल संरक्षणमा काम गर्ने सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने

(च) कोषको रकम प्रयोग भएको नभएको सम्बन्धमा अनुगमन गर्ने । बुदाँ नं ११.१ मा उल्लेख भएका शीर्षकमा मात्र कोषको रकम प्रयोग गर्ने ।

(छ) कोषको रकम वृद्धि गर्न पहल गर्ने र वार्षिक रुपमा बजेट विनियोजन गरि कोषमा जम्मा गर्ने ।

**११.५ समितिको बैठक र निर्णय :**

क) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(ख) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(ग) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा गाउँपालिकाका उपाध्यक्षले गर्नेछन् ।

(घ) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि सो समिति आपैmले निर्धारण गरे बमोजिम हुनेछ ।

(ङ) जोखिममा रहेका बालबालिकाको आकस्मिक उद्धार तथा पुनरुथापना गर्नुपर्ने अवस्था भएमा समितिको संयोजक र सदस्य—सचिवको आपसी सहमतिले आवश्यक हुने रकम निकासा गरी खर्च गर्ने सक्नेछन् । तर सो खर्च रकम समितिको बैठकबाट अनुमोदन गर्नु पर्नेछ ।

**११.६ कोषको खाता सञ्चालनः**

(क) समितिको निर्णय अनुसार इजाजत प्राप्त बैङ्कमा खाता खोली सञ्चालन गरिनेछ ।

(ख) खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन गरिने छ ।

(ग) आपतकालीन खर्च गर्नुपर्ने भएको हुदाँ बालबालिका शाखा वा लेखा शाखामा पेटी क्यास राखी प्रयोग गरिनेछ ।

**१२. रकम फ्रिज नहुने :** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएपनि कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

**१३. कोषको लेखा र लेखा परीक्षण :**

(क) कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

(ख) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

**१४ प्रतिवेदन पेश गर्ने :** समितिले आफुले गरेको कार्यको वार्षिक प्रतिवेदन बार्षिक समिक्षा कार्यक्रममा प्रस्तुत गर्नुपर्दछ ।

## परिच्छेद ४

## विविध

**१५. स्रोत व्यवस्थापन :** अन्नपूर्ण गाउँपालिकाले बालअधिकार संरक्षण तथा सम्वद्र्धन कार्य सञ्चालन गर्नका लागि वार्षिक योजना तर्जुमा गर्दा बाल संरक्षण कार्यका लागि शिर्षक अनुसार कार्यक्रम निर्माण गर्नुपर्दछ । नेपाल सरकार, प्रदेश सरकार, गाउँपालिकाको आन्तरिक स्रोत र विभिन्न दातृसंस्थाहरुको समेत बजेट एकीकृत गरी स्रोत व्यवस्थापन गरिनेछ ।

**१६. प्रोत्साहन पुरस्कारको व्यवस्था :** बालमैत्रीका सुचकहरु पुरा गर्न तथा बालसंरक्षण र सम्वद्र्धन कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति, जनप्रतिनिधि, बाल क्लब, सञ्जाल तथा संघसंस्थालाई अन्नपूर्ण गाउँपालिकाले प्रोत्साहन स्वरुप पुरस्कार प्रदान गर्न सक्नेछ ।

**१७. कार्यविधिको व्याख्या गर्ने वा वाधा अड्काउ फुकाउने अधिकार :** कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा हुन गएमा सोको व्याख्या वा वाधा अड्काउ फुकाउने अधिकार अन्नपूर्ण गाउँ कार्यपालिकालाई हुनेछ ।

**१८. खारेजी र बचाउ :** कार्यविधि बालबालिका सम्बन्धी प्रचलित संघीय तथा प्रदेश सरकारका कानूनसंग बाझिन गएमा बाझिएको हद सम्म यो कार्यविधिमा लेखिएको कुराहरू अमान्य हुनेछ र संघीय तथा प्रदेश सरकारकोकानूनमा लेखिएका कुराहरू मान्य हुनेछ ।

यसअघि गठन भएका समितिहरु तथा कामकाजहरु यसै कार्यविधि भएको मानिनेछ ।

**अनुसूची १**

**बाल क्लब सूचीकृत प्रमाणपत्रको नमूना**

अन्नपूर्ण गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय,

पोखरेबगर, म्याग्दी

आवद्धता नं. मिति

श्री...........................................................बालक्लव

वडा नं ........................टोल...................................

म्याग्दी जिल्ला, अन्नपूर्ण गाउँपालिका, वडा नं. को .............. ............ ..............
............................विद्यालय/समुदायमा गठन भएको ...................................बाल क्लवलाई यस अन्नपूर्ण गाउँपालिका गाउँ कार्यपालिकामा आवद्धता गरी आवद्धताको प्रमाण पत्र प्रदान गरिएको छ । बालअधिकार संरक्षण र सम्वद्र्धन कार्यमा नेपालको संविधान, बालअधिकार सम्वन्धी अन्तर्राष्ट्रिय महासन्धि १९८९ तथा बालबालिका सम्वन्धी कानुनहरुको अधिनमा रही हामी अन्नपूर्ण गाउँपालिकाको बालमैत्री अभियानमा यहाँहरूको सक्रिय सहभागिताको अपेक्षा गर्दछौं ।

प्रमाणित गर्ने

नाम :

पद :

दस्तखत :

## अनुसूची २

## निवेदन पत्रको ढाँचा

मिति :

श्री अध्यक्षज्यू

अन्नपूर्ण गाउँ कार्यपालिकाको कार्यालय,

पोखरेबगर, म्याग्दी

**विषय : बालक्लब सूचीकृत गरी पाऊँ भन्ने बारे ।**

महोदय,

हामीले ...................................... नामको समुदायस्तर/विद्यालयस्तरको बालक्लब खोल्न चाहेकोले अन्नपूर्ण गाउँपालिकाबाट स्वीकृत बालमैत्री स्थानीय शासन तथा बाल अधिकार संरक्षण कार्यविधि २०८० को परिच्छेद ७.४ ले गरेको व्यवस्था" बमोजिम बालक्लब सूचीकृत/आबद्धता गर्नको लागि देहायको विवरण खोली निवेदन गरेका छौं ।

प्रस्तावित बालक्लबको आवद्धताका लागि आवश्यक कागजातहरु यसै साथ संलग्न गरिएको छ ।

.........................

भवदीय

अध्यक्ष

बालक्लब आवद्धताका लागि संलग्न गर्नुपर्ने कागजातहरू :

१) अनुसूची २ : अनुसारको निवेदन

२) अनुसूची ३ अनुसारको विधान २ प्रति

३) बालक्लबको निर्णय

४) विद्यालयको हकमा विद्यालयको सिफारिस

५) वडाको सिफारिस

६) बालक्लबको कार्यसमितिको बालबालिकाको जन्मदर्ताको प्रतिलिपि

## अनुसूची ३

## बाल क्लबको विधानको ढाँचा

श्री ...................................................................... बालक्लब,

अन्नपूर्ण गाउँपालिका..........वडा बाल क्लबको विधान— २०८०

**प्रस्तावना**

बालअधिकारको संरक्षण र सम्बद्र्धनमा स्वयम् हामी बालबालिकाबाटै सहयोग पु¥याउने अभिप्रायले बालअधिकार प्राप्तिका लागि महत्वपूर्ण सहयोगी सरोकारवाला पक्षहरूमा सचेतना अभिवृद्धि गर्दै हामी बालबालिकाको भविष्यलाई उज्यालोतर्फ डोऱ्याउन, हामी बालबालिकामा भएको क्षमता र प्रतिभाको विकास र प्रस्फुटन गर्न साथै बालबालिकाको बाल बचावटको अधिकार, बालविकासको अधिकार र बालसंरक्षणको अधिकार प्राप्तिमा महत्वपूर्ण योगदान गर्न र आफ्नो अधिकार लिन बालसहभागिताको अधिकारमार्फत् हामी बालक्लबका सम्पूर्ण पदाधिकारीहरू सहमत भई हाम्रो बालक्लबको नाम ...................................................... बालक्लब राखी .......................... वडा नं. ........ को ............................................................ मा क्लबको सम्पर्क कार्यालय रहने गरी अन्नपूर्ण बालमैत्री स्थानीय शासन तथा बालसंरक्षण कार्यविधि २०८० बमोजिम यो विधान लागू गरिएको छ ।

## परिच्छेद—१

## नाम र प्रारम्भ

### १. नाम र प्रारम्भ

१.१ यस क्लबको नाम............................................................बाल क्लब रहनेछ । यो बाल क्लब विद्यालय÷समुदायस्तरको बालक्लबको रुपमा रहनेछ ।

१.२ यो विधान अन्नपूर्ण गाउँपालिकामा सूचीकृत भई क्लबको वैठकको निर्णयानुसार तोकिएको मितिदेखि लागू हुनेछ ।

१.३ यस क्लबको सम्पर्क कार्यालय ................................... वडा नं. ........... को .........................................................................मा रहनेछ ।

१.४ यस क्लबको छुट्टै छाप रहनेछ । छापको वरिपरि बालक्लबको नाम, ठेगाना र स्थापना मिति तथा बीचमा रुखको छहारीमुनि गोलो आकृतिमा बसेका आठजना बालबालिकाको चित्र अंकित रहनेछ । लोगो अनुसूची (क) मा समावेश गरिएको छ ।

## परिच्छेद—२

## परिभाषा, उद्देश्य तथा सदस्यता

**२. परिभाषा :** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा,

२.१ "बालक्लब" भन्नाले बालक्लबले तोकेको सेवा क्षेत्रभित्रका ८ बर्षदेखि १८ बर्षसम्मका सबै बालबालिकाको संगठित समूहलाई जनाउनेछ ।

२.२ "सदस्य" भन्नाले यस विधान बमोजिम क्लबको सदस्यता प्राप्त बालबालिका सम्झनुपर्दछ ।

२.३ "विधान" भन्नाले बालक्लबको विधान सम्झनुपर्नेछ ।

२.४ "साधारण सभा" भन्नाले क्लबको वार्षिकरुपमा हुने सभालाई जनाउँदछ ।

२.५ "कार्यसमिति" भन्नाले विधानबमोजिम गठन भएको कार्यसमितिलाई जनाउनेछ ।

२.६ "सल्लाहकार समिति" भन्नाले बालक्लबमा काम गरी अनुभव प्राप्त पूर्व पदाधिकारी एवम् कार्यसमितिले मनोनित गरेका अन्य बालबालिका रहेको समितिलार्य जनाउँछ । ।

२.७ "उपसमिति" भन्नाले आवश्यताअनुसार गठन भएका सदस्यहरूको बालक्लबलाई जनाउनेछ ।

२.८ "बालक" भन्नाले १८ वर्षभन्दा कम उमेरका बालक र बालिका दुबैलाई सम्झनुपर्दछ ।

**३. क्लबको उदेश्य :** निम्न उद्देश्यहरू लिई यो बालक्लब स्थापना गरेका छौं ः

- हामी बालबालिकाको भविष्यको लागि राम्रो जग बसाउन,
- हामी निस्क्रिय रहने समयको सदुपयोग गर्न,
- बालक्लबमा आवद्ध सवै सदस्यहरु बसेर बाल अधिकार सम्बन्धी छलफल गर्न,
- हामी बालबालिकामा सामाजिक र एकताको भावना जागृत गराउन,
- हामीलाई कार्यक्रम र व्यवहारले सिकाएका राम्रा कुराहरू व्यवहारमा उतार्न र समुदायमा परिवर्तन ल्याउन

- बाल अधिकारसँग सम्बन्धित समस्या केलाउन र समाधान गर्न सक्ने बन्न,

- हामीमा नेतृत्व र आत्मविश्वास विकास गर्न

- बालअधिकारसँग सम्बन्धित विभिन्न क्रियालकलापहरूमा समुदायमा रहेका सम्पूर्ण दलित, अपांग, पछाडि पारिएका बालबालिका, विद्यालय जान नपाएका, विद्यालय छाडेका र विद्यालय पढ्दै गरेका बालबालिकाको समेत सामूहिक सहभागिता जुटाउन,

- स्थानीय तहमा बालमैत्री स्थानीय शासन लागू गर्न सूचकहरूमा काम तथा पैरवी गर्ने

**४. क्लबको उद्देश्य प्राप्तिका लागि समुदायमा गर्न सकिने क्रियाकलापहरू :**

क) क्लबको सदस्यता वितरण

(ख) कार्यसमितिको चयन

(ग) वार्षिक कार्ययोजना निर्माण ।

(घ) कार्ययोजना बमोजिम चेतनामूलक कार्यक्रमहरू (एच.आई.भी/एड्स, लैंगिक विभेद, सरसफाई, बालबालिका उपरको दुव्र्यवहार र दण्ड सजाय, बालविवाह, दाइजो, अपहरण, कुटपिट, बेचबिखन, सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोग आदिका विरुद्धका अभियानहरू, प्रवद्र्धनात्मक कार्यक्रमहरु (सडक नाटक, दोहोरी गीत, लोक गीत, वक्तृत्वकला, सार्वजनिक सुनुवाइ, निवन्ध, चित्रकला, ¥याली, अन्तरक्रिया आदि), प्रतियोगितात्मक कार्यक्रमहरूः (खेलकुद, विभिन्न विषयमा वादविवाद, चित्रकला, हाजिरी जवाफ, वक्तृत्वकला आदि), सरसफाइ कार्यक्रमहरू ःः घरपरिवार र समुदाय तथा व्यक्तिगत सरसफाइसँग सम्बन्धित चेतनामूलक अभियानहरू सञ्चालन गर्न सकिने छ ।

(ङ) विद्यालय भर्ना र भर्ना भएका बालबालिकाको नियमित अनुगमन गर्ने, तथा विद्यालय जान उत्प्रेरित गर्ने विविध कार्यक्रमहरू ःः सर्वेक्षण, विश्लेषण, खोप कार्यक्रमहरूमा स्वयं सेवक, घरभेट कार्यक्रम, सांस्कृतिक कार्यक्रम, विद्यालय भर्नाका लागि कार्यक्रम लगायत अनाथ, अपाङ्ग र विपन्न बालबालिकाका लागि शैक्षिक सहयोग कार्यक्रम, अन्तर बालक्लब भ्रमण, अन्तरबालक्लब प्रतियोगितात्मक कार्यक्रमहरू र बालभित्ते पत्रिका प्रकाशन ।

**५. सदस्यतासम्बन्धी व्यवस्था :**

५.१ सदस्यको प्रकार : बालक्लबमा देहाय बमोजिमका सदस्यहरू रहनेछन्:

(क) साधारण सदस्य

(ख) कार्यसमिति सदस्य

(ग) आवश्यक सम्झेमा अन्य प्रकारका सदस्यहरू समितिले निर्धारण गर्न सक्नेछ ।

५.२ सदस्यता प्रदान गर्ने विधि र नियमहरू :

(क) क्लबको सदस्यता लिनको लागि १० वर्ष पूरा भई १८ वर्ष ननाघेको बालबालिका हुनुपर्नेछ ।

(ख) १८ वर्ष उमेर पूरा भईसकेपछि यस क्लबको सदस्यबाट स्वतः हटनेछन् र सल्लाहकारको रुपमा कार्य गर्न सक्नेछ ।

(ग) समुदायका तोकिएका सेवा क्षेत्रका सम्पूर्ण बालबालिका क्लबको साधारण सदस्य बन्न सक्नेछन् ।

(घ) प्रत्येक सदस्यहरूले क्लबले निर्दिष्ट गरेका आचरणहरू पूरा गर्नुपर्नेछ । क्लबले आचरण सम्बन्धी कारवाही नगरेको अवधिसम्म यस क्लबको सदस्य बनिरहन सकिनेछ ।

## परिच्छेद—३

## साधारणसभा तथा कार्यसमिति

**६. बैठकसम्बन्धी व्यवस्था :**

६.१ कार्यसमितिको बैठक कम्तीमा वर्षको १२ पटक (मासिक एक पटक) र साधारणसभा वर्षको १ पटक बस्नेछ ।

६.२ २५ प्रतिशत सदस्यहरूले साधारण सभा बोलाई पाऊँ भनी क्लबका अध्यक्षसमक्ष निवेदन गरेमा अध्यक्षले विशेष साधारण सभा बोलाउन सक्नेछ ।

६.३ साधारणसभाका लागि ७ दिन अगावै साधारणसभा हुने स्थान, समय, मिति र छलफलका बुँदाहरू सहित सम्पूर्ण सदस्यलाई उपस्थितिको लागि सूचना दिनुपर्नेछ ।

७. कार्यसमिति गठन विधि र पदावधि ः

७.१ साधारण सभाले प्रत्येक १ वर्षमा प्रजातान्त्रिक प्रणालीबाट आफ्ना सदस्यहरूमध्येबाट अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, सहसचिव १, कोषाध्यक्ष १, र सदस्यहरू सहित घटिमा ७ र बढीमा १५ जनासम्मको कार्यसमिति गठन गर्नेछ ।

७.२ यसरी गठन भएको कार्यसमितिको पदावधि एक वर्षको हुनेछ ।

७.३ क्लबको कार्य समितिमा अध्यक्ष, सचिव र कोषाध्यक्ष पदमा कम्तिमा एक छात्रासहित पदाधिकारीका कम्तिमा दुई छात्रा र सम्पूर्ण कार्य समितिमा पचास प्रतिशत छात्रा हुनुपर्ने छ ।

८. साधारणसभाको काम, कर्तव्य र अधिकार ः

८.१ सभाको अध्यक्षता गर्ने व्यक्तिले प्रस्तुत गरेका सूचीमा समावेश भएका विषयहरूमा छलफल गरी निर्णय गर्ने ।

८.२ क्लबको गतिविधि समीक्षा गरी आवश्यक नीति निर्देशन तयार गर्ने ।

८.३ क्लबको लेखा परीक्षण समुदायमा रहेका शिक्षकहरूमध्येबाट गराई सो को प्रतिवेदन तयार गर्ने ।

८.४ वार्षिक कार्यक्रम र कार्ययोजना तयार गरी स्वीकृत गर्ने ।

८.५ विधान संसोधन गर्नुपर्ने भए सो कुरा उल्लेख गरी स्थानीय वडा समितिको सिफारिसका साथ गाउँपालिकामा पेस गरी संसोधन गर्ने ।

८.६ अन्य तोकिएका कार्यहरू गर्ने ।

## परिच्छेद—४

## कार्यसमितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

**९. पदाधिकारीको काम, कर्तव्य र अधिकार :**

९.१ अध्यक्ष

(क) संस्थाको हितको लागि गर्नुपर्ने कर्तव्यको प्रमुख दायित्व बहन गर्ने

(ख) संस्थाको निर्णयहरू कार्यान्वयन गर्ने र गर्न लगाउने

(ग) संस्थाको उद्देश्य पूरा गर्न अन्य आवश्यक काम गर्ने

(घ) मत बराबर भएमा निर्णायक मत दिने

(ङ) समुदाय, विद्यालय, जिल्लाका अन्य सहयोगी संस्थाहरू बीच समन्वयकर्ताको भूमिका निर्वाह गर्ने ।

९.२ उपाध्यक्ष

(क) अध्यक्षको अनुपस्थितिमा निजले गरिआएको अधिकारहरू प्रयोग गर्ने

(ख) अन्य बखतमा अध्यक्षको सहयोगी भूमिका निर्वाह गर्ने ।

९.३ सचिव

(क) बैठक बोलाउने र बैठक निर्णय अभिलेख राख्ने

(ख) बैठकमा राखिने विषयहरूमा अग्रिम जानकारी सबैलाई पुऱ्याउने

(ग) क्लबमा प्राप्त भएका सूचनाहरू क्लबका अन्य पदाधिकारीहरूलाई जानकारी गराउने

(घ) वार्षिक प्रतिवेदन तयार गरी आवश्यक निकायहरुमा पेश गर्ने ।

९.४ सहसचिव

(क) सचिव अनुपस्थित भएको खण्डमा सचिवले गर्ने सबै कामहरू गर्ने

(ख) अध्यक्षले तोकेका अन्य कामहरू गर्ने ।

९.५ कोषाध्यक्ष

(क) संस्थाको सम्पूर्ण नगदी, जिन्सीहरूको जिम्मा लिने र त्यस सम्बन्धी श्रेस्ताहरू अद्यावधिक राख्ने

(ख) संस्थाको आय व्ययको विवरण कार्यसमितिमा र साधारण सभामा पेश गर्ने

(ग) आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्रमा प्रधानाध्यापकको अनुमतिले शिक्षकबाट लेखा परीक्षण गराउने ।

९.६ सदस्य

(क) संस्थाको बैठकमा नियमित उपस्थित हुने

(ख) संस्थाको हितको लागि सबै लागि पर्ने

(ग) बैठकमा उपस्थित भई आफ्नो अभिव्यक्ति प्रस्तुत गर्ने । घ) कार्यसमितिले निर्णय गरे अनुसारको जिम्मेवारी वहन गर्ने ।

## परिच्छेद—५

## आर्थिक व्यवस्था

१०. आर्थिक स्रोत : क्लबको आर्थिक स्रोत निम्न अनुसार रहने छ :

(क) साधारण सदस्यता वापतको वार्षिक सदस्यता शुल्क ।

(ख) गाउँपालिका र अन्य सरोकारवाला निकायबाट प्राप्त रकम ।

(ग) क्लबको प्रगतिका लागि अन्य ईच्छुक अभिभावक, चन्दादाताहरूबाट प्राप्त सहयोग रकम ।

(घ) विदेशी दातृ संस्थाबाट प्राप्त सहयोग नगद जिन्सी

(ङ) देउसी भैलो कार्यक्रमबाट प्राप्त नगद जिन्सी

(च) क्लबका प्रकाशनहरू बेचविखनबाट प्राप्त रकम ।

(छ) प्रशिक्षक वा सहभागी भई क्लबका पदाधिकारीहरूले अन्यत्र काम गरी प्राप्त गरेको रकमको कार्यसमितिले निर्णय गरेको निश्चित प्रतिशत रकम ।

(ज) अन्य विभिन्न स्रोतबाट प्राप्त रकम ।

११. कोष

११.१ कोषको रकम बालसंरक्षण समिति वा संरक्षकको जिम्मामा रकम रहनेछ र सो को हिसाब किताब बालक्लबले राख्नेछ ।

## परिच्छेद—६

## विविध

१२. विधान संशोधन : यस विधानमा उल्लेखित दफा तथा उपदफाहरू संशोधन गर्नुपर्ने भएमा साधारण सभाको दुई तिहाई बहुमतबाट संशोधन गर्न सकिनेछ । तर संशोधन भएको उक्त विधान गाउँपालिकामा सूचीकृत भएको मितिदेखि लागू हुनेछ ।

१३. क्लबको विघटन : कुनै कारणवस क्लब सञ्चालन हुन नसकी क्लबको विधानबमोजिम सम्पूर्ण सदस्यहरूमध्ये दुई तिहाई बहुमतबाट पारित गरी पठाएको क्लब विघटनसम्बन्धी निर्णय वडाको सिफारिसमा गाउँपालिकाले स्वीकृति दिएमा क्लबको विधिवत् विघटन भएको मानिनेछ । सो अवस्थामा क्लबको सम्पूर्ण चल अचल सम्पतिहरू गाउँपालिकाको हुनेछ ।

१४. निस्कृयता : यस विधानमा लेखिएका कुराहरू प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निस्कृय हुने छन् ।

बालक्लब दर्ता गर्दाका अवस्थामा रहेका तदर्थ समिति सदस्यहरू र हस्ताक्षरः

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १) | | अध्यक्ष | |
| २) | | उपाध्यक्ष | |
| ३) | | सचिव | |
| ४) | | सहसचिव | |
| ५) | | कोषाध्यक्ष | |
| ६) | | सदस्य | |
| ७) | | सदस्य | |
| ८) | | सदस्य | |
| ९) | | सदस्य | |
| १०) | | सदस्य | |
| ११) | | सदस्य | |
| १२) | | सदस्य | |
| १३) | | सदस्य | |
| १४) | | सदस्य | |
| १५) | | सदस्य | |

राजपत्रमा प्रकाशित मितिः २०८०।०८।२८

आज्ञाले,

अमृत सुवेदी

प्रमुख प्रशासकीय अधिकृत